# बागमती प्रदेश सरकार, मन्त्रिपरिषद् निर्णय

**सम्वत् २०८१ साल असोज १९ गते बसेको बागमती प्रदेश मन्त्रिपरिषद्को बैठकले गरेको निर्णय–**

| सि.नं. | निर्णय |
|---|---|
| १. | प्रदेश सरकार (कार्यसम्पादन) नियमावली, २०७४ को नियम २६ को उपनियम (१) बमोजिमको मन्त्रिपरिषद् समितिमा रहने सदस्यहरू तोक्ने । |
| २. | ललितपुरको नख्खु खोलाले बगाएका दुई जनाको उद्धार गर्ने श्री चणिकलाल तामाङको साहसिक कार्यको कदर गर्दै निजलाई प्रदेश सरकारको तर्फबाट आन्तरिक मामिला तथा कानून मन्त्रालयमार्फत कुल १ लाख ५० हजार प्रदान गर्ने । |
| ३. | बागमती प्रदेश भित्रका विभिन्न ४५ वटा स्थानीय तहको विपद् व्यवस्थापन कोषमा कुल रु. पाँच करोड असी लाख रुपैयाँ प्रदेश विपद् व्यवस्थापन कोषबाट प्रदान गर्ने।<br>आर्थिक मामिला तथा योजना मन्त्रालयले प्रदेश विपद् व्यवस्थापन कोषमा कुल रु. दश करोड रकम निकासा गर्ने। |
| ४. | प्रदेश निजामती सेवा ऐन, २०७९ को दफा ७ को उपदफा (४) बमोजिम खानेपानी, ऊर्जा तथा सिँचाई मन्त्रालय र अन्तर्गत निकायहरूको सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदनमा उल्लिखित "सङ्गठन संरचना तथा दरबन्दी तेरिज" स्वीकृत गर्ने। |

**सम्वत् २०८१ साल असोज १६ गते बसेको बागमती प्रदेश मन्त्रिपरिषद्को बैठकले गरेको निर्णय–**

| सि.नं. | निर्णय |
|---|---|
| १. | खेलाडी तथा प्रशिक्षकहरूलाई पुरस्कार रकम उपलब्ध गराउन खेलाडी सम्मान तथा पुरस्कार शीर्षकमा प्रदेश खेलकुद विकास परिषद् बागमती प्रदेशलाई आर्थिक मामिला तथा योजना मन्त्रालयमार्फत रु. २३ लाख रकम निकासा प्रदान गर्न स्वीकृति दिने । |
| २. | "मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान ऐन, २०७६ लाई संशोधन गर्न बनेको विधेयक" बागमती प्रदेश सभामा पेश गर्न स्वीकृति दिने । |
| ३. | सामाजिक विकास मन्त्रालयबाट सिफारिस भएका मध्येबाट डा. प्रदिप ज्ञवाली(पाल्पा)लाई मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान, हेटौंडाको उपकुलपति पदमा चार वर्षका लागि नियुक्ति गर्ने । |
| ४. | निजामती सेवाका राजपत्राङ्कित प्रथम श्रेणी वा सो सरहका विभिन्न समूहका अधिकृतहरूलाई कामकाजमा खटाउने। |
| ५. | स्वास्थ्य सेवाका कर्मचारीहरुलाई विभिन्न निकायमा सरुवा गर्ने तथा कामकाजमा खटाउने । |

द्रष्टव्यः निर्णयसँग सम्बन्धित थप जानकारी सम्बन्धित मन्त्रालयबाटै उपलब्ध हुनेछन्।

**सम्वत् २०८१ साल असोज १५ गते बसेको बागमती प्रदेश मन्त्रिपरिषद्को बैठकले गरेको निर्णय–**

| सि.नं. | निर्णय |
|---|---|
| १. | नेपालको संविधानको धारा १८३ को उपधारा (२) बमोजिम प्रदेश सभाको चौधौं अधिवेशन मिति २०८१ साल असोज १६ गते बुधवार राति ११:५९ बजे देखि अन्त्य गर्नको लागि माननीय प्रदेश प्रमुख समक्ष सिफारिस गर्ने। |

द्रष्टव्यः निर्णयसँग सम्बन्धित थप जानकारी सम्बन्धित मन्त्रालयबाटै उपलब्ध हुनेछन्।